# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही महोत्तरी

मधेश प्रदेश, नेपाल

दलित आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

औरही नगरपालिका, महोत्तरी ।

CS CamScanner

# दलित आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

नेपालको संविधानको धारा ४० दलितको हकको उपधारा (६) मा राज्यले आवासविहिन दलितलाई कानुन बमोजिम बसोवासको व्यवस्था गर्ने व्यवस्था भएकोले नगरभित्र रहेका दलित समुदायका विपन्न परिवारलाई आवासको व्यवस्थाको लागि औरही नगरपालिकाले "दलित अवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" बनाई लागु गरेको छ ।

## परिच्छेद-१

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्याविधिको नाम "दलित आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि औरही नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : (क) "दलित आवास इकाई" भन्नाले दफा (१४) को (१) बमोजिम नगरपालिकामा अवास सम्बन्धी प्रशासनिक कामकाज गर्ने शाखा सम्झनु पर्छ ।

(ख) "दलित आवास निर्माण समिति" भन्नाले दफा (११) को (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

CamScanner

ख) "लाभग्राही" भन्नाले परिच्छेद २ बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्छ ।

## परिच्छेद-२

## लक्षित वर्गको पहिचान र कार्यान्वयन

३. **लक्षित वर्गको पहिचान** : (१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ :-

(क) विगतदेखि नगरभित्र १० बर्षदेखि स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु विगत देखि  एलानी, गाउँ ब्लक जस्ता जग्गामा बसोबास गरि आएको भन्ने वडा कार्यालयको सिफारिस,

(ग) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(घ) लाभग्राहीको परिवारिक आम्दानी,

४. **लाभग्राहीको छनौटका आधार** : (१) लाभग्राही दलित परिवारको कुल सम्पतिको मुल्याङ्कन रु १० लाख भन्दा न्युन रहेको,

(२)घरको भौतिक अवस्था कच्ची रहेको

(३) परिवार कुल वार्षिक आम्दानी रु २ लाखभन्दा न्युन रहेको,

CamScanner

५. **लाभग्राही छनौट विधि** : (१) नगर कार्यपालिकाले निर्णय बमोजिम दलित अवास इकाईले सुचना आह्वान गरेको समयमा अनुसुची-१ बमोजिम लाभग्राहीले वडा कार्यालयमा फारम भर्ने,

(२) दफा (४) को अधिन रहि वडा समितिले लाभग्राहीको विवरण दलित आवास इकाईमा सिफारिस गर्ने,

(३) वडा कार्यालयहरुबाट प्राप्त लाभग्राही विवरण दलित आवास इकाईले दलित आवास निर्माण समितिमा मुल्याङ्कन तथा छानबिनको लागि पेश गर्ने,

(४)दलित आवास निर्माण समितिले मुल्याङ्कन तथा आवश्यक छानविन गरि लाभग्राहीको विवरण स्वीकृतको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(५) नगर कार्यपालिकाबाट स्वीकृत लाभग्राहीको विवरण बमोजिम दलित अवास इकाईले अनुसुची-२ बमोजिमको ढाँचामा लाभग्राहीसंग सम्झौता गर्ने,

(६) छनौट भएका लाभग्राहीको विवरण अनुसुची-३ बमोजिमको ढाँचामा लगत राख्ने,

## परिच्छेद-२

## रकम तथा निर्माण समाग्री सम्बन्धी

CamScanner

६ **रकम उपलब्ध गराउने** : (१) बौरही नगरपालिकाले लाभग्राहीलाई आवास निर्माण गर्न लाभग्राहीको खातामा दुई किस्तामा रकम उपलब्ध गराउने छ ।

(२) सम्झौता पश्चात लाभग्राहीको पहिलो किस्ता वापत कुल लागतको ४० प्रतिशत बराबरको रकम लाभग्राहीको खातामा निकासा गर्ने,

(३) आवासको निर्माण कार्य सम्पन्न भई प्राविधिक मुल्याङ्कन पश्चात लाभग्राहिको लागत साझेदारी कट्टा गरि अन्तिम किस्ताको रकम निकासा गर्ने,

(२) रकम प्राप्त गर्न लाभग्राहीले रकम प्राप्त गर्न दलित आवास इकाईले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ ।

(३) लाभग्राहीलाई रकम उपलब्ध गराउने सम्बन्धमा नगरपालिकाको दलित आवास इकाई र लाभग्राहीबीच अनुसूची-४ बमोजिमको ढाचामा सम्झौता गर्नु पर्नेछ ।

७ **निर्माण सम्पन्न भएको मानिने** : सम्झौता बमोजिम शौचालय सहितको नगरपालिकाको प्राविधिकद्वारा प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन दलित आवास इकाईमा पेश भएपछि मात्र आवास निर्माण सम्पन्न भएको मानिनेछ ।

८ **लागत सहभागिता योगदान र व्यवस्थापन** : (१) लाभग्राहीले आवासको कुल मुल्याङ्कनको दश प्रतिशत रकम लागत सहभागिता वापत ब्यहोर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामग्री जुनसुकै हुन सक्नेछ ।

९. **निर्माण सामग्री उपलब्ध गराउने :** (१) आवास निर्माणको लागि आवश्यक पर्ने इट, सिमेन्ट, हुक, कब्जा, जस्ता निर्माण सामग्रीहरु लाभग्राही आफैले खरिद गर्नु पर्नेछ ।

(२) लाभग्राहीले भुकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास निर्माण गुर्न पर्नेछ ।

(३) निर्माण सामग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्नेछ र कम रकम लाग्ने भएमा सोही अनुसार मूल्याङ्कन गरी लागत सहभागिता रकम कट्टा गरि भुक्तानी गरिनेछ ।

## परिच्छेद-४

## समिति र इकाई सम्बन्धी व्यवस्था

१०. **दलित आवास निर्माण समिति:** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको व्यवस्थापन गर्नका लागि नगर स्तरमा देहाय बमोजिमको एक दलित आवास निर्माण समिति रहनेछ :-

(क) नगर प्रमुख — संयोजक

(ख) कार्यापालिका सदस्य मध्ये एक महिला सहित २ जना — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) दलित आवास इकाई संयोजक - सदस्य सचिव

११. **दलित आवास निर्माण समितिको काम, कर्तव्य र अधिकार:** दलित आवास निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति, बजेट तर्जुमा तथा वडामा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा दलित आवास इकाईलाई आवश्यक निर्देशन दिने,

(ग) दलित आवास निर्माण समितिबाट कार्यक्रम कार्यान्वयन हुने सम्बन्धित वडालाई लाभग्राही सूची सम्बन्धी जानकारी दिने,

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनसँग नगर कार्यपालिकाबीच समन्वय गर्ने

(च) कार्यक्रम कार्यान्वयनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(छ) कार्यक्रमको अनुगमन गर्ने गराउने ।

१२. **बैठक सम्बन्धी कार्यविधि:** (१) दलित आवास निर्माण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) दलित आवास निर्माण समितिले बैठकमा आवश्यक विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्ने छ ।

१३. **दलित आवास इकाई:** (१) कार्यक्रम कार्यान्वयनमा प्रशासनिक कामकाज गर्न देहाय बमोजिम दलित आवास इकाई रहनेछ:

(क) अधिकृतस्तरको कर्मचारी इकाई प्रमुख
(ख) सहायक पाँचौ १ जना
(ग) सहायक पाँचौ प्रा १ जना
(घ) कार्यालय सहयोगी १ जना

१४. दलित आवास इकाईको काम, कर्तव्य र अधिकार :

(१) दलित आवास इकाईको काम देहाय बमोजिम हुनेछ :-

(क) दलित आवास इकाईले आवास निर्माणको प्रशासनिक कामकाज गर्ने,

(ख) आवास इकाईको नक्सा तयार गर्ने तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने र भावी कार्यक्रमको लागि दलित आवास निर्माण समितिमा सिफारिस गर्ने,

(घ) आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित दलित आवास इकाईले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा प्रगति प्रमाणित गर्ने ।

(ङ) कार्यक्रमको अध्यावधिक कार्यको मेजरमेन्ट बुक राखी सोका आधारमा भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा सिफारिस गर्ने,

(च) निर्माणधीन आवास इकाईहरुको अनुगमन, मूल्याङ्कन गर्ने,

(छ) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी दलित आवास निर्माण समितिमा पेश गर्ने,

(ज) कार्यक्रम सम्बन्धी सबैमा जानकारी तथा समन्वय गर्ने

(२) दलित आवास इकाईले आवयश्यकता अनुसार अन्य विज्ञ तथा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-५

## अन्य व्यवस्था

१५. **निर्देशन पालना गर्नु पर्ने :** दलित आवास इकाईले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दलित आवास निर्माण समिति र नगर कार्यपालिकाबाट दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

१६. **विवादको समाधान :** कार्यक्रम कार्यान्वयन गराउने दलित आवास इकाई र लाभग्राहीहरु बीचकुनै विवाद उत्पन्न भएमा नगर दलित आवास निर्माण समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

१७. **फरफारक हुने :** कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूलयाङ्कन गरी सोको खर्च फरफारक गरिनेछ ।

१८. **बेचिबिखन गर्न नहुने :** लाभग्राहीले आवास इकाई निर्माण सम्पन्न भएको मितिले विस वर्षसम्म बेचबिखन गर्न गराउनु हुँदैन ।

१९. **कारबाही हुने :** आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२०. <u>पूर्वाधार :</u> कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि आवश्यक पर्ने भैतिकपूर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र लगायतको निर्माण कार्य समेत आवश्कताअनुसार गर्न सकिनेछ ।

२१. <u>अन्य निकायले सहयोग गर्ने :</u>नगरपालिकाले आवास निर्माणमा लाग्ने लागत जुटाउन संघीय सरकार र प्रदेश सरकारमा पहल गर्ने

२२. <u>दोहोरो आवास सुवाधा नपाउने:</u> नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारवाट आवास इकाईको सुविधा प्राप्त गरेका लाभग्राहीले यस कार्यविधि बमोजिम यस्ता कुनै सुविधा पाउने छैन ।

२३. <u>फेरबदल गर्न सक्ने:</u> लाभग्राहीले स्वीकृत नमुना आवास डिजाइनमा केही फेरबदल गरी निर्माण गर्न सक्नेछ । तर कम क्षेत्रफलको आवास इकाई निर्माण गरेको भएमा सोही अनुपातमा खर्च घटाई अनुदान रकम उपलब्ध गराइने छ ।

२४. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२५. <u>असुल उपर गरिने:</u> दलित आवास निर्माण गर्ने रकम लिएपछि घर नबनाएमा उक्त रकम सरकारी नियम अनुसार असुल गरिनेछ ।

२६. <u>सम्झौताकाशर्तहरु:</u> सम्झौताका शर्तहरु देहाय बमोजिम हुनेछन् :-

(क) स्वीकृत नाप नक्सा अनुसारको निर्माण गर्नु पर्नेछ ।
(ख) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सो बापतलाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

Jitendra Yadav

२७. **सम्झौताका पक्षहरुः** सम्झौताका पक्षहरु देहाय बमोजिम हुनेछन् :-

| नगर कार्यपालिकाको कार्यालय दलित आवास इकाईतर्फबाट | लाभग्राहीको तर्फबाट |
| --- | --- |
| प्रमुख प्रशासकिय अधिकृत : | लाभग्राहीको नाम : |
| दस्तखत : | ठेगाना : |
| मिति : | दस्तखत : |
| छाप : | मिति : |
| | साक्षी :<br>(१)श्री |

२८. **कार्यविधीको व्याख्या तथा संशोधनः** कार्यबिधिको व्याख्या दलित आवास निर्माण समितिले गर्नेछ र संशोधन दलित आवास निर्माण समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

# दलित आवास ईकाई र लाभग्राहीबीच हुने सम्झौता

१ सम्झौता गर्ने पक्षहरु :

२ कार्यक्रम स्थल : जिल्ला ..................

गाउँपालिका/नगरपालिका ..................

वडा नं.

३ उद्देश्य : आवास निर्माण ।

४ कुल लागत .................................. (लाभग्राहीको

सहभागिता बापतको अंश समेत)

५ प्रस्तावित निर्माण कार्य सम्पन्नहुने अवधि :

(क) शुरु हुने मिति ..................

(ख) पुरा हुने मिति ..................

६ खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिने :-

(१) नगद रुपैयां :- ..................

(२) निर्माण सामग्री :- ..................

(ख) लाभग्राहीहरुबाट व्यहोरिने रकम :-

(१) नगद रुपैया :- ..................

(२) निर्माण सामग्री (मूल्यमा) :- ..................

(३) श्रम (मूल्यमा) :- ..................

(४) कुल रकम :- ..................

लाभग्राहीको सम्पति तथा वार्षिक आम्दानीको विवरण

१) ..................................................

२) ..................................................

३) ..................................................

४) ..................................................

५) ..................................................

६) ..................................................

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

# दलित आवास ईकाई र लाभग्राहीबीच हुने सम्झौता

१ सम्झौता गर्ने पक्षहरु :

२ कार्यक्रम स्थल : जिल्ला ..............

गाउँपालिका/नगरपालिका ...............

वडा नं.

३ उद्देश्य : आवास निर्माण ।

४ कुल लागत : ........................ (लाभग्राहीको सहभागिता बापतको अंश समेत)

५ प्रस्तावित निर्माण कार्य सम्पन्नहुने अविध :

(क) शुरु हुने मिति : ..................../........./........

(ख) पुरा हुने मिति :..................../........./........

६ खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिने :-

(१)नगर रुपैयाँ :- ..................

(२) निर्माण सामग्री:- ..................

(ख) लाभग्राहीहरुबाट व्यहोरिने रकम :-

(१)नगर रुपैया :- ..................

(२) निर्माण सामग्री (मूल्यमा) :- ..................

(३) श्रम (मूल्यमा) :- ..................

(४) कूल रकम:- ..................

लाभग्राहीको सम्पति तथा बार्षिक आम्दानीको विवरण

१)..........................................

२)..........................................

३)..........................................

४)..........................................

५)..........................................

६)..........................................